**अनुसूची ४**

**( बुँदा ७.१ संग सम्बन्धित करार सम्झौता )**

# सेवा करार सम्झौता

जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय, ( यस पछी पहिलो पक्ष भनिएको ) र कैलाली जिल्ला जोशीपुर गाउँपालिका वडा नं. ४ बस्ने श्री सन्देव चौधरी ( यस पछी दोस्रो पक्ष भनिएको ) का बीच जोशीपुर गाउँपालिकाको कार्यालय अन्तर्गत नायब प्राविधिक सहायक चौथो तह पदमा मिति २०८०।०७।२४ गतेको सिफारिस अनुसार मिति २०८०।०८।०१ को निर्णयानुसार देहायका कार्यशर्तको अधिनमा रही पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकोले सेवा करार अवधि मिति २०८०।०८।०१ देखि मिति २०८० पौष मसान्त सम्म सम्झौताको म्याद थप गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

**१. कामकाज सम्बन्धमा :-** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्ने छ र आवश्यकता अनुसार थप काम गर्नु पर्ने छ ।

**२. काम गर्नु पर्ने स्थान :-** जोशीपुर गाउँपालिका कार्यालय वा कार्यालयले खटाएको शाखा वा वडा कार्यालय ।

**३. करारमा काम गरे बापत पाउने पारिश्रमिक :-** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोस्रो पक्षलाई मासिक रुपमा कार्यपालिकाको निर्णयानुसार पारिश्रमिक उपलब्ध गराउनेछ ।

**४. आचरणको पालना :-** दोस्रो पक्षले जोशीपुर गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्वन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

**५. बिदा :-** दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक बार्षिक रुपमा जिम्मेवारी नसर्नेगरी मासिक रुपमा १ (एक) दिन घर विदा, क्रिया विदा बढीमा १५ दिन दिईनेछ । साथै कार्यालयलाई आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलबध गराउनु पर्नेछ ।

**६. कार्यालय सम्पत्तिको सुरक्षा :-** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा नोक्सानीको बिगो देस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

**७. गोप्यता :-** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति,संस्था वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा देस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सूचमि समेत राखिनेछ ।

**८. सेवा करार अवधी :- यो करार** २०८०।०८।०१ देखी लागू भई २०८० पौष मसान्त सम्मको लागि हुनेछ ।

**९.पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य :-**दोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ र सो भन्दा वढी सेवा नगरेमा स्वत: यो सम्झौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन । दोस्रो पक्षले शारिरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचारण सम्वन्धी कुराहरु बराबर उलङ्घन गरेमा दोस्रो पक्ष संगको सम्झौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाईने छ ।

**१०. प्रचलित कानून लागू हुने :-** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

<u>सम्झौता पत्रमा हस्ताक्षर गर्ने :-</u>

<u>पहिलो पक्ष</u> :
दस्तखत :
नाम, थर : मार्शल पन्त
पद : प्रमुख प्रशासकीय अधिकृत
कार्यालय : गाउँ कार्यपालिकाको कार्यालय, जोशीपुर, कैलाली ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।
मिति : २०८०।०८।०१

<u>दोस्रो पक्ष</u> :
दस्तखत :
नाम, थर : श्री सन्देव चौधरी
पद : नायव प्राविधिक चौथो तह
ठेगाना : जोशीपुर गाउँपालिका वडा नं. ४,लालपुर बाँणी कैलाली,
मिति : २०८०।०८।०१

**रोहवर :-**

दस्तखत :
नाम, थर : टिपेश तिमिल्सिना
पद : अधिकृत छैठौं (लेखा)
कार्यालय : गाउँ कार्यपालिकाको कार्यालय, जोशीपुर, कैलाली ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।
मिति : २०८०।०८।०१

दस्तखत :
नाम, थर : मिन राज कठरिया
पद : अधिकृत छैठौ (प्रशासन)
कार्यालय : गाउँ कार्यपालिकाको कार्यालय, जोशीपुर, कैलाली ।
सुदूरपश्चिम प्रदेश, नेपाल ।
मिति : २०८०।०८।०१

ईति सम्वत २०८० साल मंसिर १ गते रोज ६ मा शुभम.................................।

गाउँपालिका जोशीपुर
JOSHIPUR RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जोशीपुर, कै
Joshipur, Ka
सुदुरपश्चिम प्रदेश, ने
Sudurpashc
Province, N

प.सं.२०८०।०८१
च.नं. ६०६२

मितिः२०८०।०८।०४

बिषय :- जिम्मेवारी तोकिएको सम्बन्धमा ।

श्री सन्देव चौधरी
नायव प्राविधिक, सहायक चौथो।

प्रस्तुत विषयमा यस जोशीपुर गाउँपालिकाको मिति २०८०।०८।०१ गतेको निर्णयानुसार मिति २०८०।०८।०१ गते देखी तपाई श्री सन्देव चौधरीलाई यस जोशीपुर गाउँपालिकाको पशु सेवा शाखामा नायव प्राविधिक सहांयक भई कामकाज गर्ने गरी जिम्मेवारी प्रदान गरिएको छ, प्रचलित कानूनको परिधिभित्र रही ईमान्दारी पूर्वक तोकिएको जिम्मेवारी वहन गर्नु होला ।

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

मार्शल पन्त
प्रमुख प्रशासकीय अधिकृत

☎०९१४०११०१www.joshipurmun.gov.np,email:joshipurmun@gmail.com,info@joshipurmun.gov.np,